# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २९५ | काठमाडौं | शुक्रबार, १२ फागुन २०७९ | Prabhab National Daily | Friday, February 24, 2023 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।-




# दाहालको दोहोरो चाल

- पुरानो गठबन्धन ब्युँताउने कि नब्युँताउने आज निश्चित हुने
- प्रधानमन्त्री दाहालले ओलीसँग निर्णायक भेटवार्ता गर्दै
- कांग्रेससँग पनि माओवादी, जसपा र नेकपा एसले छलफल गर्ने

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रपति निर्वाचनअघि नेपाली कांग्रेस नेतृत्वको पुरानो गठबन्धनलाई ब्युँताउने कि के गर्ने भन्ने आज टुंगो लाग्ने भएको छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग प्रधानमन्त्री पुष्पकमल दाहालले आज गर्ने राष्ट्रपति निर्वाचनबारेको छलफलले यसको टुंगो लाग्नेछ।

प्रधानमन्त्री दाहाल राष्ट्रपतिमा राष्ट्रिय सहमतिको पक्षमा छन् । २६ पुसमा विश्वासको मत दिएको नेपाली कांग्रेसबाट राष्ट्रपति बनाउनेगरी उनले राष्ट्रिय सहमतिको रटान लगाउँदै आएका हुन् । दाहालको यो अडानसँग ओली भने सहमत छैनन् । १० पुसमा राष्ट्रपति एमालेले लिने भन्ने मौखिक सहमति कार्यान्वयन हुनुपर्ने बताउँदै आएका छन् ।

तर, विकसित राजनीतिक घटनाक्रम र दाहालको अभिव्यक्तिले मौखिक भनिएको उक्त सहमतिलाई खारेज गरिदिएको छ । यहीबेला दाहालले ओलीसँग एकपटक राष्ट्रपति निर्वाचनमा राष्ट्रिय सहमतिबारे छलफल गर्ने भएका छन् ।

'भोलि (शुक्रबार) एमाले अध्यक्ष केपी शर्मा ओलीसँग कुरा गर्छु,' प्रधानमन्त्री दाहालले जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीसँगको बैठकपछि बाहिरिने क्रममा भने।

ओलीले भने कांग्रेस उम्मेदवारलाई राष्ट्रपतिमा दाहालले सहयोग गर्नै नमिल्ने बताएका छन् । दाहालले सहयोग नगर्ने पनि उनको विश्वास छ। 'उहाँ (दाहाल)ले कांग्रेसका उम्मेदवारलाई सपोर्ट गर्दै गर्नुहुन्न, गर्नै मिल्दैन,' उनकै निवासमा बालकोटमा बिहीबार पत्रकारहरूको प्रश्नमा ओलीले भने, 'किनभने, हामीसँग उहाँले पुस १० गते नै सम्झौता गरिसक्नुभएको छ।'

प्रधानमन्त्री दाहाल सरकार सञ्चालनमा ओलीले आफूलाई अप्ठ्यारो पारेको पारेकै गरेको भन्दै कांग्रेस नेतृत्वको पुरानो गठबन्धनबाटै सरकार सञ्चालन, संविधान कार्यान्वयन र लोकतन्त्रको सुदृढीकरण हुने निष्कर्षमा पुगेका छन् ।

अर्कातिर, राष्ट्रपति पनि एमालेकै, प्रतिनिधिसभाका सभामुख पनि एमालेकै र सत्ता गठबन्धन कायम रहे अढाइ वर्षपछि प्रधानमन्त्री पनि एमालेकै हुने अवस्थामा संविधान खतरामा पर्ने ठहर दाहाल र कांग्रेससहित अन्य दलको छ। सोही कारण दाहालले कांग्रेस नेतृत्वको पुरानो गठबन्धन ब्युँताउँदै एमालेलाई राष्ट्रपतिमा छेक्न र कांग्रेसबाट राष्ट्रपति बनाउन राष्ट्रिय सहमति हुनुपर्छ भनेर अडान कायम राखेको कतिपयको विश्लेषण छ।

उसो त २६ पुसमा (**बाँकी पृष्ठ २ मा**)

## एमालेले बोलायो सचिवालय बैठक

राष्ट्रपति पद गुम्ने सम्भावनाबीच नेकपा एमालेले सचिवालय बैठक बोलाएको छ । शनिबार राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारी दर्ताअघि बस्नेगरी सचिवालय बैठक बोलाएको उपमहासचिव विष्णु रिमालले बताए ।

उनका अनुसार राष्ट्रपति निर्वाचन र विकसित राजनीतिक घटनाक्रमबारे बैठकमा छलफल हुनेछ। बैठकले राष्ट्रपति पदमा एमाले उम्मेदवार तय गर्नेछ । एमालेले यसअघि नै कांग्रेसले जसरी राष्ट्रपति पदमा उम्मेदवारी दिने निर्णय गरिसकेको छ । तर, को होलान् उम्मेदवार ? निश्चित भइसकेको छैन ।

पुस १० मा भएको भनिएको सहमतिअनुसार भने सत्ता गठबन्धनबाट एमालेले राष्ट्रपति पद पाउनुपर्ने हो । माओवादी नेताहरूले सहमति केही नभएको जिकिर गर्न थालेका छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# विभाग प्रवेशमा कडाइ




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागमा जो कोही निर्वाध प्रवेश गर्न नपाउने भएको छ। अब विभागमा काम परेर जाने सम्बन्धित व्यक्तिहरूले आफ्नो परिचय खुल्ने कागजात बोकेर गएमात्रै प्रवेश पाइनेछ।

विभागले बिहीबार एक विज्ञप्ति जारी गर्दै परिचय खुल्ने कागजातको आधारमा मात्रै सेवाग्राहीलाई प्रवेश दिइने जानकारी दिएको छ । विभागले सेवाग्राहीको नाममा विगत केही दिनदेखि कार्यालय प्रवेश गरी नियमित कार्यसम्पादनमा असर पार्ने, कानुन, विधि र प्रक्रियाविपरीत नारा जुलुस गर्नेलगायतका गतिविधिप्रति ध्यानाकर्षण भएको भन्दै असम्बन्धित व्यक्तिको प्रवेशलाई कडाइ गरिएको उल्लेख गरेको छ। पीडितका नामबाट विभिन्न व्यक्ति तथा समूह विभागमा प्रवेश गरी अमर्यादित भाषाको प्रयोग गर्नुका साथै कार्यालयमा आतंक मच्चाउने, काम गर्ने वातावरण प्रभावित गर्नेलगायतका कार्यहरू

> सेवाग्राहीको नाममा विगत असम्बन्धित व्यक्ति कार्यालय प्रवेश गरी नियमित कार्यसम्पादनमा असर पार्ने, कानुन, विधि र प्रक्रियाविपरीत नारा जुलुस गर्नेलगायतका गतिविधि रोक्न प्रवेशमा कडाइ गरिएको विभागको भनाइ । परिचय खुल्ने कागजातको आधारमा मात्रै सेवाग्राहीलाई प्रवेश दिइने ।

गरेको विभागले उल्लेख गरेको छ । यस्ता गतिविधिलाई निस्तेज पार्न र असम्बन्धित व्यक्तिको प्रवेशलाई व्यवस्थित गर्न कडाइ गर्नुपरेको विभागले जनाएको छ ।

विभागले अमर्यादित क्रियाकलाप अन्त्य गरी विधि र प्रक्रियाबमोजिम काम गर्ने वातावरण निर्माणमा सहयोग पुऱ्याउन र विभागमा काम लिएर आउने सेवाग्राहीहरूले आफ्नो परिचयपत्र खुल्ने कागजातसहित आइदिन पनि आग्रह गरेको छ । साथै, कार्यालयको काम कारबाहीसँग कुनै गुनासो भएमा कानुनी प्रक्रियाबमोजिम आउन सबैमा अनुरोध गरेको छ । यसअघि पनि विभागले विभिन्न व्यक्ति र समूह कार्यालयमा प्रवेश गरी हुलहुज्जत गर्ने र कर्मचारीमाथि दुर्व्यवहार गर्ने गरेको भन्दै विज्ञप्ति जारी गरेको थियो ।

विभिन्न व्यक्ति तथा समूहले वैदेशिक रोजगारपीडितलाई सहयोग गर्ने नाममा अनधिकृत प्रवेश गर्दै अवाञ्छित गतिविधि गर्नुका साथै कार्यसम्पादनमासमेत प्रभावित पार्ने गरेका कारण उक्त निर्णय लिनुपरेको विभागका निर्देशक कृष्णप्रसाद भुसालले बताए । विभागको यस निर्णयबाट सेवाग्राहीलाई पर्नसक्ने असरप्रति सजग रहेको भन्दै उनले असम्बन्धित व्यक्तिहरूको प्रवेशलाई निरुत्साहित गर्दै कार्य सम्पादनलाई सहज बनाउन सरोकारवालाहरूले सहयोगी भूमिका खेल्नुपर्ने बताए ।

# दुबई पठाउने प्रलोभनमा पारेर ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि मुलुक युएईको दुबईमा पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिबाट ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । दुबई पुगेपछि सेक्युरिटी गार्डमा काम लगाइदिने प्रलोभन देखाएर रकम लिई ठगी गरेको आरोपमा प्रहरीले दलवीर विकलाई पक्राउ गरेको हो।

सेक्युरिटी गार्डमा मासिक ६० हजार रूपैयाँ तलब हुने भन्दै उनले ठगी गरेको खुलेको छ । विकले प्रतिव्यक्ति तीन लाख रूपैयाँ लाग्ने भन्दै प्रकाश बुढाथोकीसमेतका पीडितबाट पटक-पटक गरी छ लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ। टोखामा बस्दै आएका विक सानीभेरी गाउँपालिका-२ रुकुमका स्थायीवासी हुन् ।

उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले सामाखुसीबाट पक्राउ गरेको जनाएको छ । विकले पीडितहरूलाई रोजगारी र अकर्षक तलब हुने भनी प्रलोभनमा पारेर रकम संकलन गरी सम्पर्कमासमेत नबसी फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

वैदेशिक रोजगार विभागले विकलाई पक्राउ गरी उपस्थित गराइदिन आग्रह गर्दै पत्राचार गरेपछि पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठोरले जानकारी दिए। उनका अनुसार पक्राउ परेका विकलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको छ।


दिगोपन र सशक्तताको
**नयाँ समय**

आफ्नो बैंकिङ्ग सेवालाई नयाँ समय अनुरुप अझ दिगो तथा सशक्त बनाउन **हिमालयन बैंक लिमिटेड**ले **सिभिल बैंक लिमिटेड**लाई प्राप्ति गरी एकिकृत कारोबारको शुरुवात गरेका छौं ।



| कूल पूँजी | कूल निक्षेप | कूल कर्जा | शाखा सञ्जाल |
| --- | --- | --- | --- |
| ३४ अर्ब | २७४ अर्ब | २५० अर्ब | १८९ |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

## दाहालको...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएर कांग्रेसले एमाले अध्यक्ष ओलीको शब्दमा भन्ने हो भने राष्ट्रपतिका लागि 'ढोक्सा' थापेको थियो । उक्त ढोक्सा रित्तै हुने ओलीको ठोकुवा थियो। तर, वर्तमान गठबन्धन ढलेर पुरानो कांग्रेस नेतृत्वको गठबन्धन ब्युँतिएको अवस्थामा भने राष्ट्रपति कांग्रेसको ढोक्सामा पर्ने सम्भावना बढेको छ।

नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले पनि दाहाललाई बिहीबार बिहान भेट गर्दै पुरानो गठबन्धन ब्युँताउनु उपयुक्त हुने सुझाएका थिए । तर, राष्ट्रपतिमा उनले दाहालसँग सहयोगको याचना गरेका थिए। दाहालले भने उनलाई राष्ट्रपतिका लागि 'ग्रिन सिग्नल' नदिएको विवरणहरू सार्वजनिक भएका छन्।

हाल सत्ता गठबन्धनमा रहेको एउटा दल जसपाले पनि उपराष्ट्रपति पदमा चासो राख्दै आएको छ। उक्त दलका अध्यक्ष उपेन्द्र यादवले उपराष्ट्रपति जसपालाई छाड्न दाहाल तयार भइसकेको बताइसकेका छन्। तर, दाहालले भने यसबारे केही भनेका छैनन्।

यी तीन दलले आज कांग्रेससँग छलफल गर्दै छ। छलफलपछि मात्रै कांग्रेस नेतृत्वको पुरानो गठबन्धन ब्युँताउने कि नगर्ने भन्ने निर्णय गरिने पत्रकारहरूसँग जसपाका नेता राजेन्द्र श्रेष्ठले बताए। 'भोलि तीन दल र नेपाली कांग्रेसबीच छलफल गर्ने सहमति भएको छ,' श्रेष्ठले बिहीबार भने, 'भोलिकै बैठकबाट नयाँ गठबन्धन बन्छ कि बन्दैन भन्ने विषयको निर्धारण हुन्छ।'

पुरानो गठबन्धन ब्युँत्याउने विषयमा भने कांग्रेस, माओवादी, जसपा र एसबीच ठोस छलफल हालसम्म भएकै छैन। आज हुने भनिएको छलफलले यसबारे निर्णय हुने नेकपा एसका उपमहासचिव प्रकाश ज्वालाले बताए।

१० पुसमा कांग्रेस नेतृत्वको पुरानो गठबन्धन ढलेको थियो। ढल्नुका कारण कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री र राष्ट्रपति दुवै पद नत्याग्ने हठ लिनु र दाहालले प्रधानमन्त्रीका लागि अति आतुर गर्नु हो।

यसरी प्रधानमन्त्री पदले त्यसबेला कांग्रेस नेतृत्वको गठबन्धन ढलेको थियो। यसपटक भने राष्ट्रपति पदले गठबन्धन ढल्ने देखिएको हो।

त्यस्तो अवस्थामा संघ सरकारबाट एमाले बाहिरिन्छ कि बाहिरिँदैन ? यदि बाहिरियो भने प्रदेश १, गण्डकी र लुम्बिनी सरकारबाट पनि एमाले बाहिरिन सक्ने टिप्पणी हुने थालेको छ।

तर, समर्थन फिर्ता लिँदै सरकारबाट एमाले बाहिरिए प्रधानमन्त्री दाहालले फेरि संसद्मा विश्वासको मत लिनुपर्छ। विश्वासको मत नपाएको अवस्थामा भने उनको सरकार ढल्नेछ। संसद्मा ठूलो दल कांग्रेसले सरकार बनाउनेछ।

### नेकपा ब्युँताउने चाहना

खारेज भइसकेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ब्युँताउने सवाल उठेको छ।

राष्ट्रपति निर्वाचनले सत्ता गठबन्धन भत्किन लागेको बेला नेकपा ब्युँताउने सवाल प्रधानमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले उठाएका हुन्।

नेकपा ब्युँताएको अवस्थामा राष्ट्रपतिको उम्मेदवार बन्ने नेपालले दाहालसँग बिहीबार प्रस्ताव गरेका छन्।

उनले एमाले वरिष्ठ नेता ईश्वर पोखरेलसँग पनि सोही प्रस्ताव गरे। तर, दुवै नेताबाट नेपालले के जवाफ पाए भन्ने खुलेको छैन।

नेपालले ब्युँताउन प्रस्ताव गरेको भनिएको नेकपा २३ फागुन २०७७ मा खारेज भइसकेको नाम हो। यो नामको आधिकारिता ऋषि कट्टेलको दलसँग छ।

एमाले र माओवादी मिलेर बनेको तत्कालीन नेकपाले आधिकारिता गुमाइसकेको छ, जसले गर्दा नेकपा विघटन भएको हो। एमाले र माओवादी पूर्ववर्ती रूपमा ब्युँतियो। एमालेबाट भने नेता नेपालसहितका नेताहरू विभाजित भएर नेकपा एस गठन गरे। उनै नेता नेपालले नेकपा ब्युँताउने सवाल खारेज भएको झण्डै दुई वर्षपछि उठाएका हुन्।

नेकपा हुँदा एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष दाहाल अध्यक्ष थिए। दुई नेताबीच शक्ति बाँडफाँटलाई लिएर मतभेद चुलिँदै गएको थियो। त्यहीबेला ओलीले ५ पुस २०७७ मा संसद् विघटन गरिदिए। विघटनविरुद्ध प्रचण्ड र नेपालसहितका नेताहरू कानुनी चुनौती दिँदै सर्वोच्च पुगे।

अन्ततः सर्वोच्चले ११ सोही वर्षको ११ फागुनमा संसद् पुनःस्थापना हुने फैसला गऱ्यो। दुवै नेता खुसीयालीमा लड्डु खाइरहेकै बेला नेकपाको नामसम्बन्धीको विवादमा सर्वोच्चको फैसला २३ फागुनमा आयो। जहाँ रिट निवेदक कट्टेलको माग दावीभन्दा बढी फैसला आएको थियो। अर्थात् एमाले र माओवादी मिलेर बनेको नेकपा खारेज गरिदियो।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALI GURANS WEDDING ORGANIZING CO.L.L.C

पूर्व स्वीकृति मिति: २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/११ LT. No. 271780 चलानी नं. ६०१८७४१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 1000 | ३४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 15 | 0 | 1200 | ४१,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WIDAD ABDULLAH SAEED AL QAHTANI TRADING EST.

पूर्व स्वीकृति मिति: २०७९/११/१० LT . No. 281547 चलानी नं. ६०१९७०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing And Wrapping Worker | 4 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTERPIECES OF SINJAB CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१५ LT. No. 280278 चलानी नं. ६०१९५७७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Architect Labor | 4 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI LARA JOINT SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/११ LT. No. 270915 चलानी नं. ६०१८६९३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1500 | ४४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VOHUP LEE CONCRETE WORKS SB

पूर्व स्वीकृति मिति २०७९/०४/२७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/११ LT. No. 269340 चलानी नं.६०१८५२३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ११५७/०७३/०७४

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON KUWAITIYA BUILDING, ROAD & CITY CLEANING CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०७९/११/११ LT. No. 281685 चलानी नं. ६०१९७११७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 10 | 10 | 130 | ५६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ देखि २२ गते (3-6th Mar. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : 197 FRUITS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/११ LT. No. 281529 चलानी नं. ६०१९७११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Work | 5 | 0 | 1500 | ४४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**Swift H.R. Solution Pvt. Ltd.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEALTHCARE SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/११ LT. No. 268754 चलानी नं. ६०१८४८५८

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १९ गते (3rd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821


प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय, मोरङ

प्रदेश नं.१,विराटनगर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकासित मिति २०७९/११/१२)

यस कार्यालय बाट मिति २०७९/०९/२७ गतेको मध्यान्ह दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार मिति २०७९/१०/२७ गते दिउसो १२ बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तथा सोही दिन दिउसो १ बजे खोलीएका वोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्याडकित सारभूत रूपमा प्रभावग्राही भइ स्वीकृतिको लागी छनौट भएको हुदाँ सार्वजनिक खरिद एन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

**तपसिलः–**

| सि. नं | विवरण | छनौट गरीएको बोलपत्र दाता | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Dangitole Kudeli Satarbasti Road,Sunbarshi-7 (IDO/MOR/NCB/RW-87/079/80) | Kuldewta Construction, Ratuwamai | 1566885.00 |
| 2 | Upgrading Of Inaruwa 3 Sakhuwagacchi to Inaruwa 8 Road (IDO/MOR/NCB/RW-88/079/80) | Aarush Builders and Nirman Sewa, Biratnagar. | 1580260.13 |
| 3 | Upgrading of Various Roads in Dharan,Municipality .(IDO/MOR/NCB/RW-89/079/80) | Bijen Nirman Sewa, Dharan | 10626026.52 |

# महानगरमा गैरकानुनी 'डिजिटल बोर्ड'




काठमाडौंको त्रिपुरेश्वर, नक्साललगायत स्थानमा राखिएका डिजिटल बोर्ड । *तस्बिर: प्रभाव*

■ प्रभाव संवाददाता

**काठमाडौं–** केही वर्षअघिसम्म काठमाडौंका चोक र घरका छत तथा भित्तामा ठूलठूला होर्डिङ बोर्ड राखिएका हुन्थे । विभिन्न व्यावसायिक कम्पनी र ब्राण्डको प्रचारका लागि राखिएका त्यस्ता बोर्डका कारण सहर कुरूप बनेको भन्दै बोर्ड हटाउनुपर्ने मागसहित अधिवक्ता पदमबहादुर श्रेष्ठले सर्वोच्च अदालतमा रिट दायर गरे । सो रिटको सुनुवाइ गर्दै तात्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश ओमप्रकाश मिश्रको संयुक्त इजलासले त्यस्ता बोर्डहरू हटाउन २०७२ भदौ १६ मा आदेश दियो ।

सर्वोच्चको उक्त आदेशपछि काठमाडौं महानगरपालिकाले त्यस्ता बोर्डहरू हटाएको थियो । महानगर आफैंले राजस्व लिएर राख्न दिएको होर्डिङ बोर्डहरूमा डोजर लगाएको थियो ।

अहिले होर्डिङ बोर्डको रूप फेरिएको छ । विगतमा जस्तो प्रिन्ट गरेर टाँगिएका भद्दा बोर्ड अहिले देख्न पाइन्न । त्यस्ता बोर्डको सट्टा ' डिटिजल होर्डिङ बोर्ड' अहिले सहरका चोकचोकमा राखिएका छन् । त्रिपुरेश्वर चोकस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टर र नक्सालस्थित लक्ष्मणबाबु भवनमा राखिएका डिजिटल बोर्ड यसका उदाहरण हुन् । यसरी राखिएका अधिकांश होर्डिङ बोर्ड गैरकानुनी रहेको पाइएको छ ।

सर्वोच्चको आदेशविपरीत महानगरका केही उच्च कर्मचारी र होर्डिङ बोर्ड व्यवसायीको मिलेमतोमा डिजिटल बोर्ड राखिएका छन् । महानगरभित्रका अधिकांश चोक र चोकका

> सर्वोच्चको आदेशविपरीत महानगरका केही उच्च कर्मचारी र होर्डिङ बोर्ड व्यवसायीको मिलेमतोमा डिजिटल बोर्ड राखिएका छन् । महानगरभित्रका अधिकांश चोक र चोकका घरका भित्ताहरुमा त्यस्ता बोर्डहरु देख्न सकिन्छ ।

घरका भित्ताहरूमा त्यस्ता डिजिटल बोर्डहरू देख्न सकिन्छ । महानगरपालिकाकै विज्ञापन नीति हेर्ने हो भने पनि अहिले राखिएका डिजिटल होर्डिङ बोर्डहरू अधिकांश गैरकानुनीरूपमा राखिएको प्रस्ट देखिन्छ ।

काठमाडौं महानगरपालिका क्षेत्रभित्र होर्डिङ बोर्डहरू बढ्न थालेपछि अधिवक्ता श्रेष्ठ आफैं अन्योलमा परेको बताउँछन् । आफूले दायर गरेको रिटको आदेशमा सर्वोच्चले सहरका कुनै पनि घर, पर्खाल, बिजुलीको पोल, सडक डिभाइडरहरूमा रहेका पम्प्लेट एवं भित्ते लेखन गर्न नपाइने भनेको उनले उल्लेख गरे । तर, अहिले होर्डिङ बोर्डलाई आधुनिक रूपमा प्रयोग गरिएको र भित्ते लेखनलगायतका कार्य नरोकिएकोमा उनी चिन्ता व्यक्त गर्छन् ।

'मैले सहरको दृश्य प्रदूषण भयो भनेर रिट दायर गरेको हुँ, सम्मानित अदालतबाट पनि सोहीअनुरूप आदेश भएको थियो । तर अहिले फेरि त्यही क्रम दोहोरिएको छ,' अधिवक्ता श्रेष्ठ भन्छन्, 'डिजिटल होर्डिङ बोर्डका नाममा नागरिकको स्वास्थ्यमाथि नै खेलबाड हुनेगरी र दुर्घटना बढाउने किसिमले आँखै खानेगरी डिजिटल बोर्ड राखिएको छ । यो कार्य पूर्णतः कानुनविपरित छ ।'

उनले भनेजस्तै अहिले विज्ञापनका लागि राखिएका होर्डिङ बोर्ड कस्तो हुनुपर्ने, कतिसम्मको उज्यालो फाल्न मिल्ने वा त्यसमा प्रयोग गरिएको लिड कस्तो हुनुपर्ने भन्ने कुनै मापदण्ड बनेको छैन । त्यसको फाइदा उठाउँदै महानगरपालिकाका उच्च कर्मचारी र होर्डिङ बोर्ड व्यवसायीहरूले मिलेमतोमा जथाभावी डिजिटल बोर्ड राखेका देखिन्छन् ।

यसबारे प्रभावले जिज्ञासा राख्दा काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले यसलाई व्यवस्थित गर्ने तयारी भइरहेको जवाफ दिए । 'डिजिटल होर्डिङ बोर्डका विषयमा धेरै गुनासा आएका छन् । त्यसलाई कसरी व्यवस्थित गर्ने भन्नेमा महानगरपालिका लागिरहेको छ,' उनले भने, 'तर, कुन मापदण्ड हुनुपर्ने वा त्यसमा प्रयोग गरिने लिडलगायतका विद्युतीय सामग्री कस्तो हुनु पर्दछ भन्ने यकिन नभएकाले महानगरपालिकाले बोर्ड राख्न दिएको हो । अब केही समयमा नै महानगरले सबै क्षेत्रमा होर्डिङ बोर्ड हटाएर निश्चित स्थानमा मात्र राख्ने दिने नीति तयार गर्न लागेको छ ।'

प्रवक्ता मानन्धरले भनेजस्तै अहिले महानगरपालिका वा नेपालमा नै डिजिटल होर्डिङ बोर्डको ज्ञान भएका विज्ञहरू पाउन मुश्किल पर्दछ । विदेशका सहरमा राखिएका बोर्ड हेरेर राख्न दिइएको भन्ने सजिलो जवाफ सरकारी अधिकारीहरूले दिने गरेका छन् ।

**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड**
PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.
**विरगंज.म.न.पा. ३२ पर्सा को**

**"लेखा परिक्षण" DDA (Due Diligence Audit) गर्न शिलबन्दी बोलपत्र माग गरिएको सूचना**

**(प्रकाशित मिति : फाल्गुण १२, २०७९)**

यस प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड (साविक गौतम स्टील इण्डस्ट्रीज प्रा.लि.) कम्पनी स्थापना देखि माघ २९, २०७९ सम्मको DDA (Due Diligence Audit) गराउने पाँचौं वार्षिक साधारण सभाको निर्णय बमोजिमको कार्य गर्नको लागि आफ्नो देहायको योग्यता पुग्ने भए यो सूचना प्रकाशित मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध गरिएको छ ।

**"लेखा परिक्षण" DDA (Due Diligence Audit) गर्न शिलबन्दी बोलपत्रको जानकारी**

१. कम्तीमा ICAN को सदस्यता लिएको हुनु पर्नेछ ।
२. आशयपत्रको फारम संगै फिर्ता नहुने गरि (साविक गौतम स्टील इण्डस्ट्रीज प्रा.लि.) कम्पनीको एनएमबि बैंकको वीरगंज शाखाको चल्ती **खाता नं.०१९००७१५४६६०००११** मा रु.२५००/- रकम दाखिला गरेको बैंक भौचर यस टेन्डरमा भाग लिन आवेदन फारम संग पेश गर्नु पर्नेछ ।
३. सम्झौता भएकोदुई महिना भित्र DDA (Due Diligence Audit) सक्नु पर्नेछ ।
४. यस अघि उद्योग वा पब्लिक कम्पनीको DDA (Due Diligence Audit) गरेको हुनुपर्नेछ ।
५. आफुले यस कार्य गर्न कबुल गरेको रकमको मु.अ.कर सहित अधिकतम रकम तोक्नु पर्नेछ ।
६. प्रस्तावित् DDA (Due Diligence Audit) को रकम मूल्य अभिबृद्धि कर (VAT) सहित अधिकतम रु.१६९५०००/- (अक्षरुपी सोह्र लाख पन्चानब्बे हजार रुपैया) मात्र नबढाई बोलपत्र फाराम भर्नु पर्नेछ । न्यूनरकम कबुल गरि बोलपत्र पेश गर्ने लाई प्राथमिकता दिईने छ ।
७. प्राप्त बोलपत्र फारामहरु आजको मितिबाट सोह्रौ कार्य दिनको दिन बिहान ११ बजे कम्पनीको काठमाण्डौंको शाखा कार्यालयमा बोलपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधि तथा यस कम्पनीका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । यद्यपि बोलपत्र पेश गर्ने कम्पनीका प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र फाराम खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खोल्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयलाई उक्त समय मानिनेछ ।
८. आशयपत्र स्वीकृत भएको व्यक्ति वा संस्थालाई Mobilize को लागि शुरुमा १५% कबुल रकमको भुक्तानि दिईने छ । सो वापतको बैंक ग्यारेन्टी दिनु पर्ने छ ।
९. बोलपत्र फाराम ईमेल मार्फत पनि लिन सकिने छ । रित नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**बोलपत्र फारामको लागि सम्पर्क कार्यालय**
**(साविक गौतम स्टील इण्डस्ट्रीज प्रा.लि.) को कार्यालय विरगंज ३२ पर्सा**
**साथै प्रभु होल्डिङ्गस् लिमिटेड, का.म.न.पा. ३२, तीनकुने एनएमबि बैंक संगै, काठमाडौं**
**फोन नं.: ०१- ५९१२८७३/५९१२८७४**
**E-mail: prabhusteel01@gmail.com**

**Aandhikhola Rural Municipality**
२,४२,०००/-
**Office of the Rural Municipal Executive**
**Krishi, Syangja**
**Gandaki Province,Nepal**

**Notice for the Letter of Intent**

**(First Publication Date: 24th of February, 2023)**

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-W-NCB-IRG-07-2079-80,*** as per the Invitation for Bids published in the national daily newspaper **" Naya Patrika National Daily"** on **10th of January, 2023**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ***ANDH-W-NCB-IRG-07-2079-80,*** *Chhahare Gairabasti Irrigation Pond Construction Yojana* | **SHREE BIDHYAMOHAN ENGINEERING COMPANY PVT. LTD, AANDHIKHOLA-05, SYANGJA** | **48,66,375.55** |

**बेदकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति: २०७९/११/१२)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का संकेत नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | ***13/NCB/BTW/079/80 Construction of Ward Office Building, Bedkot-09, Kanchanpur*** | **S.M.P. Construction Company Pvt. Ltd., Budhakot-2 Accham** | ४९,३२,८३०।४९ | |

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**उत्तर-दक्षिणर व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय**
**हिल्सा-सिमिकोट सडक योजना**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०७९/११/१२)**

यस कार्यालयबाट मिति २०७९-१०-०३ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice No.: 04-079/80, Invitation for Bids सम्बन्धी सूचना अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा प्राविधिक प्रास्तावमा सफल (Responsive) भएका तपसिल बमोजिमको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०७९-११-१९ गते दिनको ठिक १:०० बजे हिल्सा-सिमिकोट सडक योजना, सिमिकोट, हुम्लामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना नं | ठेक्का नं | कामको विवरण | प्राविधिक प्रश्ताव सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको नामावली |
|---|---|---|---|---|
| 1 | 04-079/80 | HSRP/337011184/079/80-09 | Construction of Bailey Bridge (1*48.8m) over Karnali River at Sallisalla(Karnali corridor road), Humla | 1. Rabi Chakra Nirman Sewa and suppliers Pvt. Ltd., Khatyad, Mugu<br>2. Kangri Nirman Sewa, Simikot, Humla |

**योजना प्रमुख**

**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
अत्तरिया, कैलाली
सुदूरपश्चिमप्रदेश, नेपाल

Visit Nepal 2020 Lifetime Experiences

**NOTICE OF INTENTION TO AWARD CONTRACT**

***Date of Publication: 2079/11/12***

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice published in "NayaPatrika" National Daily (dated BS 2079/10/10) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S.N | Contract No. | Description of Works | Name and Address of the successful bidder | Accepted Bid Amount Excluding VAT & PS(NRs) |
|---|---|---|---|---|
| 1 | GM/NCB/W/05/2079/80 | Construction of blacktop road at different places of ward no 7 & 11 | Shreepur Developers Group Pvt.Ltd, Kailali | 32,85,680.00 |

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भाषा बचाऊ

गत मंगलबार अर्थात् फेब्रुअरीका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइयो । संयुक्त राष्ट्रसंघ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो। नेपालमा भने वि.सं. २०६६ देखि विशेषरूपमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो । यस वर्ष नेपालमा 'शिक्षामा रूपान्तरणका लागि बहुभाषिक शिक्षाको आवश्यकता' नाराका साथ यो दिवस मनाइएको छ ।

मातृभाषा दिवस मनाउनुको मूल उद्देश्य हो– लोप हुँदै गएका भाषाहरूको संरक्षण गर्नु । विश्वमा १५ दिनमा दुई वटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएको छ । मातृभाषा लोप हुन नदिन सरोकार भएका निकायले काम गर्नुपर्नेमा जोड दिँदै आइएको छ । यस अवसरमा संयुक्त राष्ट्रसंघीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)ले मातृभाषाको संरक्षणका लागि विभिन्न काम गर्दै आएको छ ।

नेपाल एक बहुजातीय र बहुभाषिक मुलुक हो। २०६८ को तथ्यांकअनुसार मुलुकमा १२५ जातजातिको बसोबास रहेको छ भने १२३ भाषा बोलिने पाइएको छ। एक हजारभन्दा कम वक्ता रहेका ३७ भाषामध्ये २३ भाषा संकटापन्न अवस्थामा पुगेको विज्ञहरू बताउँछन् । नेपालको संविधान,२०७२ ले नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाको मान्यता दिएको छ । त्यसैले नेपालीमा बोलिने सबै भाषा नेपाली भाषा हुन् । यसको संरक्षण गर्ने दायित्व सरकारको हो । अहिले मुलुकमा तीन तहको सरकार रहेकोमा तीनै तहको सरकारले मातृभाषा संरक्षण र प्रवर्द्धनमा प्रभावकारी काम गर्न सकेका छैनन् । यद्यपि, केही स्थानीय तहले स्थानीय मातृभाषालाई कामकाजी भाषाको रूपमा कार्यान्वयनमा ल्याएका छन् । मातृभाषालाई कामकाजी भाषाको रूपमा कार्यान्वयन गर्दै लैजाने हो भने यसको संरक्षणमा महत्त्व पूर्ण योगदान पुग्ने निश्चित छ । त्यसैले यसका लागि तीनै तहका सरकारले जिम्मेवारीपूर्वक काम गर्नुपर्छ । तर, अहिलेसम्म भाषा ऐन बन्न नसक्नु दुःखद् पक्ष हो । यसमा सरकारको तत्काल ध्यान जानुपर्छ ।

यस वर्षको मातृभाषा दिवसको नारा आफैंमा अर्थपूर्ण रहेको छ । बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था भए पक्कै पनि शिक्षामा रूपान्तरण हुनसक्छ। विभिन्न अध्ययन र अभ्यासबाट त्यो पुष्टि भइसकेको छ । त्यसकारण नेपालमा बहुभाषिक शिक्षा अहिलेको प्रमुख आवश्यकता हो । यसले शिक्षामा रूपान्तरणसँगै मातृभाषा संरक्षणमासमेत उल्लेखनीय योगदान पुऱ्याउने निश्चित छ । यो प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने दायित्व तीनै तहको सरकारमा रहेको छ। यसका लागि सबैले दबाब दिन जरुरी छ। भाषा मरे जाति, परम्परा, संस्कृति सबै मर्छ। त्यसैले मुलुकको पहिचान बनेका भाषाहरूको संरक्षण जरुरी रहेकोतर्फ सरोकारवाला सबैको ध्यानाकर्षण होस् ।

## मननयोग्य

### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाइको देश अहिले पनि जीवितै छ। पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

